# सामुदायिक वन र पानीमा दलित समुदायको पहुँच सम्बन्धी नीति तथा कार्यान्वयनको अध्ययन

✍ सुनील परियार[1]

## परिचय

दलित समुदाय ऐतिहासिक रूपमा राज्यको विभिन्न अधिकारबाट वञ्चित भएका छन् । तीमध्ये, प्राकृतिक स्रोत पनि एउटा हो । जल, जमिन र जङ्गलबाट वञ्चित भएको यो समुदाय नेपालको हरेक तहबाट वञ्चित हुँदै गएका छन् । हाल आएर यस विषयमा उनीहरूका अधिकारका लागि विभिन्न प्रयासहरू गरिदै आएका छन् । नेपालको सामुदायिक वन र पानीको श्रोतमा पहुँचको निम्ति समेत दलितका निम्ति निकै प्रयासहरू गरिदै आएको छ ।

नेपालको सामुदायिक “वन स्थानीय स्रोत समुदायलाई हस्तान्तरण गरिदा निकै प्रभावकारी हुन्छ” भन्ने कुराको गतिलो उदाहरण बनेको छ । त्यसमा पनि “सामुदायिक वनले गरिब, दलित, महिला तथा उपेक्षित वर्गको अधिकारलाई समेट्न सकेको छ” र “नेपालको सामुदायिक वन सुशासनको गतिलो उदाहरण हो” भन्ने कुरा बेला बेलामा तथ्यहरू बाहिर आउँछन् । तथापि त्यसमा दलित समुदायको पहुँच नपुगेको तथ्यहरू बाहिर आएका छन् ।

त्यसैगरी पानी प्राणी जगत्को जीवन हो । तर दलित भएकै कारणले पानीमा उनीहरूको अधिकार स्थापित हुन सकेको छैन भन्ने कुरा विभिन्न पत्रपत्रिका तथा घटनाक्रमहरूले देखाएका छन् । पानी दलितहरूले छुन नपाउने एउटा स्रोत हो । पानी छुन नपाउने र दलितले केही कुरा छोइहालेमा पनि पानीको छिटो हालेर चोखो बनाउने परम्पराले जकडिएको नेपाली समाजमा पानीमाथि दलित अधिकारको नजरअन्दाज गर्न त्यति गाह्रो छैन । शरद पौडेलको प्रतिवेदन अनुसार नेपालमा ६० लाख दलितमध्ये २३ प्रतिशतको एक टुक्रा पनि जमिन छैन । जमिन नभएपछि दलितहरूको वन र पानीमा अधिकार स्थापित हुन सकेको छैन । जमिनमा नै पानी र वनको अस्तित्व हुने हुनाले जग्गा जमिन नभएको दलितको सामुदायिक वन र पानीमा समेत अधिकार हुँदैन । सामुदायिक वनमा सदस्य बन्नका लागि घरको लालपुर्जाको आवश्यकता पर्दछ भने आफ्नो जग्गा जमिन नै नभएपछि जमिनमा त्यसै बगेको पानीमाथि उनीहरूको अधिकार हुँदैन ।

यसर्थ पानी, कुलो, खोला, नदी, सामुदायिक वन लगायत प्राकृतिक स्रोतमा दलित अधिकारको अध्ययन गर्न, तथा गरिएका राम्रा प्रयास र यस क्षेत्रबाट दलितका निम्ति सुधारोन्मुख उपायहरूको अवलम्बन गर्न सकियोस् भन्नका खातिर नेपालको सामुदायिक वन तथा पानीसँग सम्बन्धित नीति तथा कानूनको समीक्षा र कार्यन्वयन तहमा भएका राम्रा नराम्रा अभ्यासको समीक्षा सहित यो अध्ययन प्रतिवेदन तयार पारिएको छ । साथै सो सम्बन्धी अध्ययनको कारण भने नेपालको सामुदायिक वन कार्यक्रम विकेन्द्रीकरणको सिद्धान्तमा आधारित एक सफल र नवीनतम कार्यक्रमको रूपमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा स्थापित भएको छ । तर विद्यमान “पानी र सा.व.भित्र गरिब, दलित तथा महिलाहरूलाई सामाजिक असमानता र बहिष्करण गरेको निष्कर्ष” (Gentle *et al.* 2007, Pokharel and Nurse 2004, Banjade *et al.* 2004) लगायतका केही अध्ययनले दिएको नतिजाको कारण यो अध्ययन गरिएको हो ।

## अध्ययनका मुख्य आधारहरू

नेपालको सामुदायिक वन र पानीमा दलित अधिकारको नीति तथा कानूनको समीक्षा तथा अध्ययनका लागि निम्नानुसार अध्ययनको आधार रहेको छ ।

[1] लेखक डानर नेपालमा आवद्ध हुनुहुन्छ ।

- दलितहरू सबैभन्दा सीमान्तकृत समुदाय भएकाले र उनीहरूको जीविकोपार्जन वन र पानीमाथि आश्रित भएकाले ।
- विद्यमान पानी र वन सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाहरू दलित तथा सीमान्तकृत समुदायका लागि क्रमशः खुकुलो हुँदै गए पनि कार्यान्वयन पक्ष फितलो रहेकाले ।
- सामुदायिक वन, पानी सम्बन्धीका विभिन्न संयन्त्रका नीतिमा दलितहरूको प्रभावकारी सहभागिता तथा नीतिगत कार्यक्रमको दिशानिर्देश गर्न यो अध्ययन गरिएको हो ।

## अध्ययनको उद्देश्य

- पानी र सामुदाायिक वनमा दलितको पहुँच विषयमा नीति, योजना, कार्यक्रमका विषयमा अध्ययन गर्ने ।
- फिल्ड स्तरमा Policy र Practice बिचको अध्ययन पश्चात नीतिगत सुझाव दिने ।

## अध्ययनको विधि

यस अध्ययनलाई पूर्ण गर्नका निम्ति देहायका विधि तथा टुल्सहरूको अवलम्बन गरिएको छ ।

**डेस्क रिभ्यू :** पानी र वनसम्बन्धी विभिन्न नीतिगत, कानूनी विधान र कार्ययोजनाको विश्लेषण, पुस्तकहरू, जर्नल, पत्रपत्रिका, सा.व.को विधान ।

**Random Selection:** एउटा जिल्लाबाट पाँच वटा सामुदायिक वनको विधान र कार्ययोजना गोलाप्रथाबाट छनौट (Randomly select) गरी पाँच वटा जिल्लाको २५ वटा सामुदायिक वनको अध्ययन गरिएको थियो ।

पानीका लागि जिल्ला खानेपानी, फेडवासनसँग छलफल तथा खानेपानी नियमावली, Water Laws, आदि विश्लेषण गरिएको ।

**अध्ययनको औजार :** पाँच वटा जिल्लामा सामुदायिक वन र पानीको प्रतिनिधित्व जनाउने सरकारी, गैरसरकारी निकाय, दलित प्रतिनिधिहरूसँग परामर्श तथा छलफल (Five Consultation), पाँच वटा समूह केन्द्रित छलफल (FGD), २१ ओटा मुख्य सूचनादातासँग (KII) अन्तरवार्ता र छ वटा घटना अध्ययन (Case Study) सङ्कलन गरिएको थियो ।

## अध्ययनको क्षेत्र र सीमितता

सङ्केत :

📍 अध्ययनका लागि छनौट गरिएका जिल्लाहरू



## अध्ययन गरिएका जिल्लाहरू

**१.दैलेख** **२.कैलाली**

**३.सप्तरी** **४.बारा**

**५.सुनसरी**

## अध्ययनको सीमितता

यस अध्ययनले उपर्युक्त जिल्लाहरूको २५ वटा सामुदायिक वनको विधान र कार्ययोजनालाई डेक्स रिभ्यू गरिएको थियो र पानीसँग सम्बन्धित नीतिगत अध्ययनका लागि जिल्ला परामर्श तथा फिल्ड स्तरमा लक्षित समूह छलफल गरिएको थियो । दैलेख, कैलाली, बारा, सप्तरी र सुनसरी जिल्लाका सामुदायिक वन र पानीसँग प्रत्यक्ष सरोकार राख्ने सरोकारवाला निकायसँग नीतिगत छलफल, लक्षित समूहसँग छलफल गरिएको थियो । अध्ययनले नीतिगत सवाल र यसले कार्यान्वयन तहमा पारेको प्रभाव (Policy and Practice) को विषयमा मात्र अध्ययन गरिएको थियो ।

## नीतिगत समीक्षा

सामुदायिक वन र पानीका नीतिहरूका बारेमा बुँदागत रूपमा व्याख्या तथा समीक्षा गरिएको छ ।

## अध्ययनको नतिजा

नेपालमा वन विभागको प्रतिवेदन अनुसार हाल २२,२६६ वटा सामुदायिक वन उपभोक्ता समूहहरू छन्। यदि राष्ट्रिय सम्पत्ति समुदायको हातमा सुम्पिइन्छ भने त्यो प्रभावकारी रहन्छ र दिगो रूपमा यसको संरक्षण र उपयोग हुन्छ भन्ने गतिलो उदाहरण नेपालको सामुदायिक वनले दिन्छ। सुशासनको प्रत्याभूति नेपालको सामुदायिक वनबाट गर्न सकिन्छ। सामुदायिक वनको आफ्नै विधान र कार्ययोजना हुन्छ जसमा सामुदायिक वन उपभोक्ताको सञ्चालन कसरी गर्ने भनेर स्पष्ट पारिएको छ भने वन पैदावार लिने र यसको व्यस्थापनका लागि ५पाँच वर्षे कार्ययोजना तोकिएको हुन्छ । साना साना वन तथा काठ निकाल्न नसकिने सामुदायिक वनको कार्ययोजना भने १० वर्ष समेत तोकिएको हुन्छ । सामुदायिक वनको बैंकमा खाता हुन्छ । कार्य समिति सदस्यहरू मध्ये ५० प्रतिशत महिला समितिमा हुने भनेर स्पष्टका साथ किटान गरिएको छ भने मुख्य पद अन्तर्गत अध्यक्ष वा सचिवमध्ये कुनै एकमा महिला हुने प्रावधान छ। महिनाको एकपटक समितिको बैठक बस्छ र वर्षको एकपटक साधारण सभा बस्ने चलन छ। सहभागितात्मक निर्णयबाट सामुदायिक वनका कार्यक्रमहरू अगाडि बढाइन्छ । अध्ययन गरिएका जिल्लाहरूमा सामुदायिक वनहरूले बाटो निर्माण गरेको, विद्यालयहरूमा शिक्षकलाई निजी स्रोतको रूपमा तलब दिएको, मन्दिर निर्माण गरिएको लगायत थुप्रै उदाहरणीय कामहरू गरेको पाइएको छ। अध्ययन गरिएका जिल्लामध्ये कैलालीमा सामुदायिक वनको उपभोक्ता रहेकी कौशिला बि.क. जिल्ला महासङ्घ कैलालीको नेतृत्व तह सचिव पदसम्म आइपुग्न सफल भएकी छिन् । सामाजिक समाबेशीकरण तथा सुशासनको एक गतिलो उदाहरण साबित भएको नेपालको सामुदायिक वनहरूमा नै दलित, विपन्न र महिलाहरूले समावेशिताका आधारमा नेतृत्व विकास गर्न पाएका छन् ।

तर यति हुँदा हुँदै पनि नेपालको सामुदायिक वनमा वास्तविक दलित र विपन्नहरूले भने जति फाइदा लिन नपाएको र सुशासनको सवालमा पनि चुकेको स्पष्ट देख्न सकिन्छ। सामुदायिक वनको सदस्यताबाट वञ्चित, सदस्यता भइसकेकाहरू लाभ बाँडफाँडबाट वञ्चित, निर्णय प्रक्रियामा उनीहरूको सहभागिता नभएको अध्ययनहरूले देखाएका छन्। यसलाई तल प्रस्तुत गरिएको छ।

## सामुदायिक वनको उपभोक्ताबाट वञ्चित

सामुदायिक वनमा दलित समुदायको पहुँचको विषयमा अध्ययन गर्दा सामुदायिक वनमा दलितहरूको उल्लेखनीय सहभागिता देखिदैन । तर वनमा भने उनीहरू निकै आश्रित रहेको देखिन्छ। उनीहरूको लागि वनबाट घाँस, दाउरा, औषधीय जडीबुटी, स्थानीय स्तरमा बजाइने पञ्चेबाजामा समावेश हुने खिर्रो, मादल बनाउनका लागि चाहिने काठपात आदिका लागि निर्भर हुने गरेको अध्ययनले देखाँउछ। गोल पोल्नका लागि चाहिने काठ, घर बनाउनका लागि चाहिने काठ, जीविकोपार्जनका लागि वन स्रोतको उपयोग गर्दै आफ्नो जीवनयापन गरिरहेको देखिन्छ। तर पनि, सामुदायिक वनबाट दलित समुदायहरू छुटेको देखिन्छ। सामुदायिक वन उपभोक्ता समूह गठनमा वन नियमावली, २०५१ ले सम्पूर्ण उपभोक्तालाई सदस्य बनाउने भनेर उल्लेख गरे तापनि यसले वास्तविक गरिबलाई उपभोक्ता बनाउन नसकेको अध्ययनले देखाएको छ। सामुदायिक वनबाट वञ्चित हुनुका कारणहरू मध्येमा सचेतनाको कमी, दलित गरिब पनि भएकोले समयको अभाव रहेको र सामुदायिक वन गठन गर्दा आफूहरूले जानकारी नपाएको गुनासो व्यक्त गरे। त्यसैगरी भौगोलिक बिकटता पनि एक प्रमुख समस्या रहेको बारा जिल्लाका दलित समुदायहरूले बताए। उनीहरूको बासस्थानदेखि निकै टाढा सामुदायिक वन रहेको र आफूहरूलाई टाढाको उपभोक्ताको नामकरण गरी वन पैदावरको स्रोतबाट वञ्चित गरेको उनीहरूले आरोप लगाए। साथै जातीय भेदभावको चरम शिकारको कारण तथा लैङ्गिक भेदभाव भएको, दलितको आवाजको सुनुवाई नभएको, सदस्यता शुल्क महङ्गो भएको समेत उनीहरूले बताए। त्यसैगरी अन्य जिल्लामा पनि उपभोक्ता बन्नका लागि सदस्यता शुल्क निकै महङ्गो देखिन्छ। कैलाली जिल्लाको सामुदायिक वनको विधान अध्ययन गर्दा रू.७००० सम्म सदस्यता शुल्क तिरेर मात्र उपभोक्ता बन्न पाउने रहेको देखिन्छ भने सोभन्दा पनि बढी शुल्क तिरेर उपभोक्ता बन्नुपर्ने दलितहरूले बताए। कतिपय अवस्थामा सामुदायिक वनमा दलितहरूको घर छाप्रो परेकाले त्यहाँबाट हट्नु परेको कारणले भूमिहीन हुनु परेको उनीहरू बताउँछन् । सामुदायिक वनभित्र घर छाप्रो भएको र सामुदायिक वन निर्माण गर्दा उनीहरूलाई (दलित समुदायलाई) हटाएको नमीठो अनुभव दलितहरूले सुनाए । दैलेखमा यस्तो किसिमको घटनाले मूर्त रूप लिएको र अहिले आफ्नो अधिकार प्राप्तिका लागि उनीहरू लडिरहेको जिल्लामा दलित समुदायसँग छलफल गर्दा दलित सहभागीले बताए। आफ्नै निजी जग्गालाई हटाएर सामुदायिक वन बनाउनु त छँदैछ उल्टो यसरी बनाएको आफ्नै सामुदायिक वनको उपभोक्ताबाट समेत वञ्चित हुनु परेको घटनाहरू पाइएको छ। घटना अध्ययन बक्स १ मा विश्लेषण गरिएको छ।

सामुदायिक वनको उपभोक्ता नभएपछि दलित समुदायहरू वनबाट पैदा हुने गैरकाष्ठ वन पैदावर, घाँस, दाउरा र घर बनाउनका लागि चाहिने काठजस्ता महत्वपूर्ण लाभ बाँडफाँडबाट पनि वञ्चित भएको देखिन्छ। सामुदायिक वनको काठ वितरणमा असमानता, टेन्डर प्रक्रियाबाट वितरण गर्दा गरिबहरू वञ्चित भएका छन्। वन पैदावरको न्यायोचित वितरणमा कमी लगायतका विभिन्न समस्याहरू सामुदायिक वनमा देखिएका छन्। वन मन्त्रालयको लैङ्गिक तथा सामाजिक समावेशीकरणको नीति भए पनि यसले महिलाले प्राप्त गर्ने वन पैदावर वा सामुदायिक वनको अन्य लाभबाँडबाट वञ्चित भएको घटना अध्ययनले देखाउँछ। घटना अध्ययन बक्स २ मा प्रस्तुत गरिएको छ।

## प्रक्रियागत (सहभागितात्मक) वञ्चितीकरण

सदस्यता वञ्चितीकरण मात्रै होइन, सदस्य भए पश्चात पनि सामुदायिक वन उपभोक्ता समूहमा थप वञ्चितीकरणको समस्या देखा परेको छ। जसलाई सहभागितात्मक वञ्चितीकरण (Participatory Exclusion) भनेर संज्ञा दिन सकिन्छ। किनभने यसले सहभागिता भएको त देखाउँछ तर वास्तवमा वञ्चित

## घटना अध्ययन १

## सामुदायिक वनबाट दलितको उठिबास



जय बहादुर सुनार, वर्ष ३४, गैडाबास-४, दैलेखका हुन्। उनी र अन्य ४० घर दलित परिवार सो क्षेत्रमा विगत ७० वर्षदेखि बस्दै आएका छन्। सो क्षेत्रमा उनी लगायत ४० दलित घरधुरी उनीहरूकै निजी जग्गालाई काटेर बनाएको साना पातल कटुसेनी सामुदायिक वनबाट वञ्चित छन्। २०५२ सालतिर सामुदायिक वन निर्माण गर्ने बेलामा त्यहाँ अमिनद्वारा जमिन छुट्याउने काम भयो। जय बहादुर सुनारको पुर्ख्यौली जमिन प्रशस्त थियो। त्यो ठाउँ पहिला चिहान डाँडा र चट्टान मात्र थियो। त्यसलाई बस्न योग्य बनाएका थिए उनका बुबाले। जब सामुदायिक वनको निर्माण गर्ने बेला आयो तब त्यहाँ षड्यन्त्र भयो। उनलाई गाउँका केही टाठाबाठाले अस्पतालको लागि भनेर १३ रोपनी जमिन मागे र बदलामा सम्मानपत्र दिने लोभ देखाए। जब उनको जमिन नापी भयो, १३ रोपनी भनेर नापे जस्तो गरे पनि भित्रभित्रै उनको घर बाहेक २७ रोपनी जग्गा अस्पताल र बाँकी जमिन कटुसे पाताल सामुदायिक वनको नाममा गराउन सफल भए। जय बहादुर सुनारको बुबा अनपढ भएकोले स्थानीय बुझ्रुक सोम प्रसाद आचार्यले झुक्काएर जय बहादुर सुनारको निजी जग्गालाई सामुदायीकीकरण गराए। सो क्षेत्रमा सामुदायिक वन र अस्पतालले उनको बस्ती उठिबास गरेको छ र त्यहाँबाट हटेर जान जिल्ला वन कार्यालय र स्थानीय अस्पतालले उर्दी जारी गरेको छ। "यस्तो अवस्थामा हामीले जिल्ला वन कार्यालयमा धर्ना बस्न सक्दैनौं र हामीलाई सहयोग गर्ने दलितको कुनै निकाय पनि छैन। हामी वनको उपभोक्ता पनि छैनौं र हामी बसिराखेको स्थानबाट जिल्ला वन कार्यालयले हामीलाई हटाउन खोज्दैछ।" पीडित जय बहादुर सुनार दुखेसो पोख्छन्।

नै गराइरहेको हुन्छ। यसले वञ्चित वर्गलाई सहभागी बनाई तड्पाइरहेको हुन्छ अर्थात् प्रत्येक पल पलमा मारिरहेको हुन्छ। यसरी हुने वञ्चितीकरणमा सामुदायिक वनको मुख्य निर्णय गर्ने थलो सामुदायिक वन उपभोक्ता समितिमा हुने सहभागिताको सवाल मुख्य विवादको विषय हुने गरेको अध्ययन गरिएको जिल्लामा पाइएको छ। सामुदायिक वनबाटै वञ्चित हुनु एउटा सवाल देखिन्छ भने सामुदायिक वनको उपभोक्ता हुँदा पनि यसका अन्य विभिन्न प्रक्रियाहरूबाट दलित समुदाय बञ्चित भएको देखिन्छ। प्रक्रियागत वञ्चितीकरणमा सहभागिता, निर्णय प्रक्रिया र लाभ बाँडफाँडबाट दलितहरू छुटेको देखिन्छ। अस्मिताा बि.क. (घटना अध्ययन बक्स ३ मा प्रस्तुत गरिएको छ) दैलेख निबासी हुन् उनलाई सामुदायिक वन कहिले गठन भयो र बन्यो भन्ने थाहा छैन तर जब सामुदायिक वनको जङ्गल हुँदै सडक खन्ने काम भयो तब त्यहाँ सडकले बिगारेको रूख तथा मुढा र काठ खोसाखोस भयो। अस्मिता पनि काठ माग्न गइन्। तब उनलाई सामुदायिक वनको उपभोक्ता भए मात्रै काठ निःशुल्क र राम्रो काठ भए न्यून शुल्कमै पाइने भनेर गैर दलितहरूले भने तब उनलाई आफू सामुदायिक वनको उपभोक्ता नभएको थाहा भयो र अन्तमा महङ्गोमा काठ किन्न बाध्य भइन्। तर सामुदायिक वनको उपभोक्ताबाट भने वञ्चित नै रहिन्।

## वन समितिमा दलित सदस्यता

सहभागिता र निर्णय प्रक्रिया सम्बन्धी सवाललाई गहिरो गरी अध्ययन गर्दा सामुदायिक वनको समितिमा दलित प्रतिनिधि सदस्यको रूपमा नभएको र निकै कम मात्रमा भएको पाइयो। २५ वटा सामुदायिक वनको समितिमा दलितको प्रतिनिधित्वको बारेमा अध्ययन गर्दा (तथ्याङ्क तल प्रस्तुत गरिएको छ) ९३ प्रतिशत सामुदायिक वनको समितिमा दलित नभएको र बाँकी ७ प्रतिशत सामुदायिक वनमा दलित समितिमा त भएको तर मुख्य पदमा नभएको पाइयो। समितिमा दलित प्रतिनिधिहरूलाई सामुदायिक वनको विधान,




यसमा उल्लेख भएको प्रावधानको बिषयलाई लिएर छलफल गर्दा उनीहरु जानकार नभएको पाइयो भने समितिबाट बाहिर रहेका दलित प्रतिनिधिहरू भने यस विषयमा केही जानकारी राख्ने गरेको पाइयो । सामुदायिक वनका समितिहरूमा धेरै प्रभाव नपार्ने, नबोल्ने उपभोक्ता सदस्यलाई समितिमा राख्ने गरेको देखिन्छ । यसरी दलितको प्रतिनिधित्व कम हुँदा यसमा दलितका एजेन्डा बैठकमा उठ्ने गरेको पाइएन । धेरैजसो समूहले समितिमा महिलालाई मुख्य पदहरूमध्ये कुनै एकमा नियमानुसार (सामुदायिक वन विकास कार्यक्रम मार्गदर्शन, २०७१) महिला राख्ने गरेको पाइयो भने दलित र दलित महिलाको उपस्थिति समितिमा नभएको वा कम भएको पाइयो । यसमा दलित प्रतिनिधि राख्नैपर्ने भनेर विधान, कार्ययोजना र मार्गदर्शन कतै पनि उल्लेख नभएकोले दलितलाई मुख्य पदमा राख्नैपर्ने भन्ने अनिवार्य नभएपछि उनीहरूको सहभागिता यसमा नभएको देखिन्छ । भौतिक रूपमा पनि उनीहरूको उपस्थिति नहुँदा वा कम हुँदा उनीहरूले उठाएका प्रस्ताव (एजेन्डा) ओझेलमा परेको देखिन्छ । समितिमा उनीहरूको लागि कुरा उठाइदिने, बोलिदिने, प्रस्ताव राखिदिने कोही नहुँदा उनीहरू निरीह बनेका घटना देखिन्छ । जसका कारण उनीहरू गोल पोल्नका लागि चाहिने काठ, मादल तथा पञ्चेबाजामा चाहिने काठका सामग्री, ठेकी बनाउने काठ लगायत काट्नबाट वञ्चित देखिन्छन् भने ती काठहरू वनमा नै सढेर गएको दैलेखका दलित उपभोक्ताहरूले बताए । समितिमा दलितहरूको प्रतिनिधित्व बढाउन वा सहभागितामा जोड दिन के गर्नुपर्छ भनेर सोध्दा गैर दलितहरूबाट महिला, गरिब, दलितले नेतृत्व गर्न सक्दैनन्, बैठक आमभेलामा समय दिन सक्दैनन्, बाहिरी संस्थासँग समन्वय गर्न सक्दैनन् भन्ने आरोप आउने गरेको पाइयो भने दलितहरूले यो भेदभाव गरेको भन्ने आरोप लगाए । “हामीले नेतृत्व गर्न सके पनि मौका नदिएको, जातीयताको कारण स्वीकार गर्न नसकेको र जातीय भेदभावको चरम अवस्था भएको” आरोप लगाउँदै सो कुराको खण्डन दलितहरूले गरे । साथै समितिमा समानुपातिक सहभागिताको अभावमा यसबाट सामुदायिक वनको काठ वितरणमा असमानता, टेन्डर प्रक्रियाबाट वितरण गर्दा गरिबहरू वञ्चित हुने, वन पैदावरको न्यायोचित वितरणमा कमी रहेको अध्ययनले देखाउँछ ।




## गोल पोल्न सामुदायिक वनमा प्रतिबन्ध

अध्ययन गरिएका २५ वटा सामुदायिक वनमध्ये ९६ प्रतिशत सामुदायिक वनले वनबाट गोल निकाल्न तथा पोल्न प्रतिबन्ध गरेको पाइएको छ । आरनको पेशा गर्ने विश्वकर्मा समुदायले सञ्चालन गर्दै आएका फलाम तथा आरनको काममा गोल पोल्न बन्देज लगाइएको कारण, पेशामा सम्मान नभएको र युवा वर्गको आकर्षण घट्दै गएको कारणले अधिकांश विश्वकर्मा समुदायले यो पेशा छाडेको देखिएको छ । कृषि व्यवसायका लागि हँसिया, हथौडा, हलो जोत्नका लागि आवश्यक

पर्ने फाली, कुटो कोदालो आदि आवश्यक पर्ने सामग्री विश्वकर्मा समुदायले धान्दै आए पनि गोलको लागि भने निकै समस्या भएको यस पेशामा काम गर्ने दलितहरूले बताए । यसका लागि गैर दलितहरूको घरमा दाउराको रूपमा प्रयोग गरी बाँकी रहेको अँगार तथा कोइला, मकैको खोया आदिबाट यस पेशालाई निरन्तरता दिइरहेको उनीहरूले बताए भने दलितले सालको र लालीगुराँसको काठ नै गोलको लागि माग्ने गरेको हुनाले सो दिन नसकिएको गैर दलितहरूले बताए ।

उनीहरूलाई कृषि औजारको आवश्यकता पर्दा बजारमा नै गएर वा निकै टाढा टाढा गएर आरानको काम गर्ने विश्वकर्मा समुदायसँग बनाएर ल्याएको बताए । कृषि पेशामा नै गैर दलितहरू पनि निर्भर भएकोले सो पेशा सञ्चालनका लागि आफूले घरायसी रूपमा प्रयोग गर्दै आएको दाउरा बालेपछि बनेको कोइला र मकैको खोया उनीहरुलाई बेचेको र यसबाट आफ्नो कृषि औजार निर्माण भएको उनीहरूले बताए । अध्ययन गरिएको २५ वटा सामुदायिक वनमध्ये (तथ्याङ्क माथि प्रस्तुत गरिएको छ ।) ९६ प्रतिशतले गोल निकाल्न प्रतिबन्ध गरेको र बाँकी छ प्रतिशतले गोल पोल्नका लागि वनमा अनुमति नदिए पनि घरमा लगेर गोल बनाउनका लागि अनुमति दिएको पाइयो । बारा जिल्लाको रण कुमार सामुदायिक वनले त्यस सामुदायिक वनको आरानको काम गर्ने दलित उपभोक्तालाई गोलका लागि कुकाठ, चिलाउने, कटुस, आदि दिएको बताए । सो सामुदायिक वनले आरानको पेशा गरेर जीविकोपार्जन गर्ने विश्वकर्मा समुदायलाई घरमै काठ लगेर गोल बनाउने सुविधा दिएको पाइयो ।

## काठ वितरण प्रणालीमा असमानता

लक्षित समूह छलफलबाट के देखियो भने जिल्लामा काठ माग गरेमा त्यसको आपूर्ति नभएको गुनासो उत्तरदाताहरूले गरे । अधिकांश सामुदायिक वनहरूमा सामुदायिक वनको काठ लिलाममा बिक्री गरेको पाइएको छ । त्यसरी टेन्डर प्रक्रियाबाट बिक्री गर्दा

### घटना अध्ययन २

### घर बनाउन काठ पाइएन ।



मेरो नाम नासिमा खातुन हो । मेरो उमेर २८ वर्ष भयो र मेरा पाँच वटा सन्तान छन् । मेरो श्रीमान् ब्रेन टिबीको रोगले पीडित हुनुहुन्छ । मेरो घर पर्सामा पर्छ । पहिला मेरो घर बारा जिल्लामा थियो । बाराबाट बसाईसराई गरेर हामी पर्सा गयौं र टहरा बनायौं । जग्गाको नाममा त्यही घर बनाएको दुई धुर जमिन मात्र छ । हामी भूमिहीन हौ । हामी कुनै पनि सामुदायिक वनको उपभोक्ता हैनौं । हाम्रो पेशा नै वन र कृषि हो । अचानक मेरो घर जल्यो । घर बनाउनका लागि जिल्ला वन कार्यालय बारामा काठ माग्न आएको हुँ । मलाई मेरो ससुरा, जेठान र माइती कसैले पनि हेर्दैनन् । जलेको घर बनाउन हामी काठ किन्न सक्दैनौं । पर्सा जिल्लामा काठ माग्न गएको थिएँ । तर पर्सा जिल्ला वन अधिकृतले "तपाईको घर त बारा जिल्ला रहेछ नागरिकतामा त्यही रहेछ । तपाई बारा जानुस्" भन्नु भयो । म बारा जिल्ला वन कार्यालयमा आएँ र त्यहाँ काठ मागे.तर दिएनन् । माग्दा काठ छैन भनेर डिएफओले भने । कानूनी प्रक्रिया पनि मलाई थाहा छैन । बाराको जिल्ला वन कार्यालय गए पर्सा जा भन्छ, पर्सा गए बारा जा भन्छ । म त हिँड्दा हिँड्दा वाक्क भइसकें । खल्तीको पैसा पनि सकियो । कति दुःख पाउने मैले । फेरि सबै बसाईसराई मिलाएर बारा जिल्ला आएँ । जिल्ला वन अधिकृतले अहिले काठ छैन भन्नु हुन्छ । म के गरौं ? उनीहरूले बजारमा गएर काठ किन्नुस् बजारमा काठ छ भन्छन् । बजारमा काठ हुने अनि यहाँ नहुने हुन्छ !

किन्न नसक्ने उपभोक्ताहरू मारमा परेको देखिन्छ। त्यसरी गरिबीको कारणले काठ किन्न नसकेको समुदाय बढी मात्रामा दलित समुदाय नै भएको पाइएको छ। कुनै पनि दलितले शौखले घर नबनाएको र बाध्यताले घर बनाउँदा पनि काठ पाउन नसकेको बारा जिल्लाको घटना अध्ययन (घटना अध्ययन बक्स २ मा प्रस्तुत गरिएको छ ।) ले प्रष्ट पार्दछ । जिल्लामा काठ वितरणमा जिल्ला वन कार्यालय र वन पैदावर बिक्री समितिले काठ नभएको जिकिर गरिरहेको भेटिन्छ भने बजारको फर्निचर पसल तथा स:मिलमा काठहरू प्रशस्त मात्रामा पाइएको FGD मा उत्तरदाताहरूले बताए। उनीहरूले थपे- काठ छैन भने बजारमा कसरी काठ पाइयो त ? बिदेशबाट आयात गरेको हो भने **हरियो वन नेपालको धन** किन भनिरहनु पर्‍यो त ? उत्तरदाताहरू आक्रोशित भएर गुनासो पोखे । स्थानीय टाठा बाठाहरूले अपारदर्शी रूपमा काठको बिक्री वितरण गरेको FGD मा उनीहरूले गुनासो पोखे। सामुदायिक वनमा यसरी काठ बेचेर आएको पैसासमेत गरिबको घरधुरीसम्म पुग्ने गरेको पाइदैन ।

त्यसैगरी अधिकांश सामुदायिक वनको विधान र कार्ययोजना समयमा नै नवीकरण नहुँदा यसले काठ निकाल्नलाई समस्या भएको उनीहरू बताउँछन्। धेरैजसो सामुदायिक वनमा धेरै काठ निकाल्न सकिने क्षमता भए पनि रेन्जरले उक्त सामुदायिक वनको कार्ययोजना निर्माण गर्दा नै वनको क्षमताभन्दा कम क्युबफिट काठ निकाल्न सकिने गरी कार्ययोजना निर्माण गरिएको उनीहरू बताउँछन् । कैलाली जिल्लाका जिल्ला वन अधिकृत डा. राजेन्द्र केसीले एउटा सामुदायिक वनको (नाम उल्लेख नगर्ने शर्तमा) प्रतिवर्ष पाँच हजार क्युबफिट काठ निकाल्न सकिने क्षमता भए पनि सो सामुदायिक वनको कार्ययोजना निर्माण गर्दा रेन्जरले चार हजार क्युबफिट काठ निकाल्ने सकिने गरेर . कार्ययोजना निर्माण गरेको बताए। यसरी चार हजार क्युबफिट मात्र काठ निकाल्न सकिने भनेर जिल्ला वन कार्यालयले सदर गरे पनि सामुदायिक वन समूहले वनको हैसियत बिग्रन्छ भनेर तीन हजार क्युबफिट मात्र काठ निकाल्ने गरेको उनीहरू बताउँछन्। यसरी हेर्दा सामुदायिक वनको संरक्षण मात्र भएको छ र यसको अधिकतम सदुपयोग गर्न नसकिएको जिल्ला वन अधिकृत बताउँछन्। तर जिल्ला वन कार्यालय दैलेखमा जिल्ला वन अधिकृतसँगको छलफल (KII) मा भने सामुदायिक वनमा नै वन तस्करीहरू मौलाएको र उनीहरू नै रूख काट्न उद्यत रहेको बताए। वन फँडानी तथा रूख काट्नका लागि गरिब, दलितहरू नै श्रमिकको रूपमा प्रयोग भइरहेको बताए। अन्ततः वन संरक्षणको लागि उपयुक्त नीति र अनुगमनको व्यवस्था गरी दलित श्रमिकहरूको रोजगारीको ग्यारेन्टी लिने हो भने वन संरक्षण गर्न सकिने उनले बताए। यसका लागि सामुदायिक वनको मार्गदर्शन, २०७१ ले निर्दिष्ट गरेको “गरिबका लागि सामुदायिक वनको खाली जग्गामा आयमूलक कार्यक्रम” नामक कार्यक्रमले एउटा सामुदायिक वनमा कम्तीमा १० जनालाई रोजगारी दिन सकिने दैलेखका जिल्ला वन अधिकृतले बताए।

## सामुदायिक वनका राम्रा अभ्यास र सिकाइ

सामुदायिक वनका केही राम्रा सिकाइहरु पनि छन् जसले आगामी दिनमा सामुदायिक वनको क्षेत्रमा दलित समुदायका निम्ति कार्यक्रम गर्दा मार्गदर्शनको काम गर्न सक्दछ। दैलेख जिल्लामा जिल्ला वन अधिकृत रामकाजी श्रेष्ठको नेतृत्वमा सामुदायिक वनको समितिमा समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ। त्यस्तो अवस्थामा यदि त्यस स्थानीय स्तरमा दलित समुदाय भएको अवस्थामा उनीहरू पनि समितिमा स्वतः आउने देखिन्छ भने समितिको मुख्य पद अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एकमा दलितको प्रतिनिधित्व सुनिश्चित हुने गरी सामुदायिक वनको विधान तयारी पारिएको छ। यो नीति लागू भएपछि दैलेख जिल्लाका सामुदायिक वनमा दलितहरूको सहभागिता बढ्ने देखिन्छ।

त्यसैगरी सामुदायिक वनको मार्गदर्शन, २०७१ ले गरिब तथा विपन्न वर्गका लागि सामुदायिक वनको खाली जग्गामा आयमूलक कार्यक्रम गर्नका लागि सहुलियतमा

जग्गा उपलब्ध गराउने उल्लेख छ। हाल त्यस जिल्लामा यस किसिमको कार्यक्रमबाट दलितहरूले फाइदा लिन नसकेपछि प्राकृतिक **स्रोतका लागि दलित अधिकार मञ्च, डानार**ले कास्की र नवलपरासीमा गरिएको कामबाट दलित महिलाहरू समितिका मुख्य पदमा आउन सफल भएका छन् भने यस किसिमको कार्यक्रमबाट दलित समुदायले वनमा घाँस लगाउने र घरमा बाख्रा पाल्ने कार्यक्रम सम्पन्न गरेका छन्। कास्की जिल्लाको सुनमाया नेपाली तथा नवलपरासी जिल्लाको अमर ज्योति सामुदायिक वनकी शान्ति सुनार नेपालको सामुदायिक वनको क्षेत्रमा एउटा नमुना पात्रका रूपमा उभिएका छन्। यो दृष्टान्त अन्य ठाउँका दलित समुदायका लागि अनुशरणयोग्य हुन सक्छ।

## पानीमा दलित पहुँच नीति तथा कार्यान्वयनको अवस्था

पानी हाम्रो जीवन हो। पानी नवीकरणीय स्रोत हो। नेपालमा पानीको स्रोतको रूपमा हिमालका हिउँ पग्लेर बनेका नदी, जमिनमुनि र माथि गरी तीनवटा छन्। नेपालमा लगभग ६००० नदीनाला छन्। नेपाल पानीको स्रोतमा विश्वमै दोस्रो धनी देश मानिएको छ। तर पनि पानीमा सामुदायिक पहुँच भने निकै नगन्य रूपमा देखिएको पाइन्छ। केही चुनौतीलाई दृष्टिगत गरेर हेर्दा नेपालमा सिंचाई तथा खानीपानी र बिजुली लगायतका निर्माण तथा भौतिक निर्माणहरू जिर्णसमेत बन्दै गरेका छन् भने तिनको कार्यक्षमता, नतिजा समेत निकै कमजोर देखिएको छ। साथै यसमा सामुदायिक संरचना, स्थानीय खानेपानी उपभोक्ता तथा सङ्घ संस्थाहरूको कमजोर सहभागिता रहेको देखिन्छ। कमजोर कार्यक्षमता, कुलो तथा नहर र पानीको कम उपयोगिता, कृषि र सिंचाईमा संयोजन तथा सहकार्यको अभाव समेतले एकातिर पानीको सही सदुपयोग भइरहेको छैन भने अर्कोतिर **खोला जति व्यक्तिको झोलामा** भन्ने सन्देशले पानीको असमान वितरण र स्थानीय टाठाबाठाले पानीको स्रोत कब्जा गरेको देखिन्छ भने दलित समुदाय यस किसिमको विभेदको चरम अवस्थामा रहेका छन्। दलितका सन्दर्भमा भने निकै नै चुनौतीका साथै पानीसँग विभेदको बारेमा व्याख्या गरिएको छ ।

**टेबल १: खानेपानी उपभोक्ता समूहमा दलितको प्रतिनिधित्व**

| जिल्ला | दलित | गैरदलित | जम्मा सदस्य | कैफियत |
|---|---|---|---|---|
| कैलाली | ० | ९ | ९ | |
| दैलेख | १ | ८ | ९ | महिला |
| सुनसरी | ० | ९ | ९ | |
| बारा | ० | ९ | ९ | |
| सप्तरी | ० | ९ | ९ | |

सामुदायिक वनभन्दा पनि बढी नेपालको जल क्षेत्रमा दलितरूहको पहुँच न्यून देखिन्छ। पानीको विषयमा कुरा गर्दा सिंचाई, पानी पोखरी (सिमसार), खानेपानी तथा सरसफाई, इनार, विद्युत, ताल तलैयामा दलित समुदायको पहुँचको बारेमा अध्ययन गरिएको छ। तर अध्ययनको सीमितता र अन्य प्राविधिक कारणले यस अध्ययनमा खानेपानीमा दलितको पहुँचको विषयमा विशेष अध्ययन गरिएको छ भने अन्य विषयमा नीति तथा कानूनको समीक्षा मात्र गरिएको छ। यस आलेखमा खानेपानी, सिमसार, जलस्रोत तथा हाईड्रो इलेक्ट्रिसिटी मध्ये। खानेपानीमा दलितको पहुँचको बारेमा अध्ययन गर्दा यसमा प्रतिनिधित्व जनाउने समिति, खानेपानीको लाभ बाँडफाँड, आदिलाई अध्ययनको केन्द्रबिन्दु बनाइएको छ भने सोसँग सम्बन्धित नीति तथा कानूनको समीक्षा समेत गरिएको छ।

खानेपानी नियमावली, २०५५ अनुसार सरकारी संयन्त्रका रूपमा हरेक जिल्लामा खानेपानी कार्यालय हुन्छ। त्यसैगरी जिल्ला खानेपानी उपभोक्ता समिति महासंघ (Drinking Water Association) पनि नेपालका सम्पूर्ण जिल्लामा रहने गर्दछ। स्थानीय स्तरमा खानेपानी उपभोक्ता समिति गठन गर्दासमेत दोस्रो समिति गठन गर्न पाइदैन भने सोको सदस्य बन्नका लागि रू.१००० तिरेपछि मात्रसमिति सदस्य बन्न पाइन्छ। साथै सोही

बराबर शुल्क तिरेपछि मात्र उपभोक्ता समिति दर्ता हुने प्रावधान छ। खानेपानी नियमावली, २०५५ मा यसरी उपभोक्ता समूह गठन गर्दा ३३ प्रतिशत महिला (कम्तीमा दुई जना) हुने गरी नौ सदस्यीय बनाउने प्रावधान रहेको छ तर दलित महिला प्रतिनिधिका लागि भने यस नीतिमा केही उल्लेख गरेको पाइदैन। उक्त प्रावधान नभएपछि दैलेख जिल्ला बाहेक अन्य जिल्लामा दलित प्रतिनिधि खानेपानी उपभोक्ता समूहमा नभएको पाइयो। टेबल १ को तथ्याङ्कले दैलेख जिल्लामा बाहेक अन्य जिल्लामा दलित प्रतिनिधि नभएको देखाउँछ।

साथै जिल्लामा खानेपानी सम्बन्धी विवाद आएमा विवाद निरुपण समिति समेत हुने भएको तर सोमा पनि दलित वा अन्य राजनीतिक दलका प्रतिनिधि, स्थानीय नागरिक समाजको प्रतिनिधित्व हुने प्रावधान छैन। जसले गर्दा जिल्लामा खानेपानी सम्बन्धी विवाद आएमा सो समस्या सामाधानका लागि गरिएका छलफलको नतिजा निष्पक्ष हुन सकेको छैन। सबैको प्रतिनिधित्व नभएपछि यसबाट थप समस्याको सिर्जना भएको देखिन्छ। खानेपानी नियमावलीमा विवाद निरुपण समितिमा सरकारी संयन्त्र (District Line Agencey-DLA) को प्रतिनिधि मात्र हुने प्रावधान रहेको छ र उनीहरूको उपस्थितिमा खानेपानी सम्बन्धी विवाद समाधान गर्दा यस खालका विवाद र घटनाहरू समाधान भएको पाइएन र फैसलाले दलितको लागि प्रतिकूल हुने अवस्थाको सिर्जना भएको देखिन्छ। सरकारी संयन्त्र मात्र हुने र यसमा पनि गैर दलितको मात्र प्रतिनिधित्व हुने भएकोले खानेपानीबाट पहिले नै पीडित भएको दलित समुदाय नै थप पीडित भएको पाइयो। स्थानीय निर्वाचनमा लड्दै गरेकी सरस्वती सुनार (विस्तृत रूपमा घटना अध्ययन ४ मा विश्लेषण गरिएको छ।) ले स्थानीय स्तरमा खानेपानी उपभोक्ता समितिको अध्यक्ष भएर काम गर्न खोज्दा स्थानीय गैर दलित क्षत्री समुदायले उनको नेतृत्व स्विकार्न सकेको देखिदैन। जसका कारणले उनले फोहोर पानी नै खानुपर्ने बाध्यता यस घटना अध्ययनले देखाउँछ। यस घटनाले स्थानीय

## घटना अध्ययन ४

## खानेपानी उपभोक्ता समितिको अध्यक्ष हुन खोज्दा

### सरस्वती सुनार, दुर्गाखेत हेक्चा, दैलेख



म दुर्गाखेतमा गएको थिएँ। त्यहाँ म फोहोर पानी भर्दै थिएँ। खानेपानी कार्यालयका सर त्यो बाटो हुँदै कतै जाँदै हुनुहुँदो रहेछ। अनि उहाँले भन्नुभयो– तपाईंहरू अझै फोहोर पानी खाँदै हुनुहुन्छ? हामी एक लाख रुपिया छुट्याउँछौं। निवेदन, र खानेपानीको एक योजना लिएर आउनुस् हामी तपाईंहरूका लागि बजेट छुट्याउनेछौं। उहाँले त्यसो भनेपछि एक भेला बस्यो। कृष्ण शाहीलाई सचिव र मलाई अध्यक्ष बनायो भेलाले। भेलाको माइन्युट र खानेपानी योजना लिएर म जिल्लामा गएँ। मैले सबै कागजपत्र बनाएर लगें तर त्यहाँ केही क्षत्रीहरूले मलाई धम्किपूर्ण लवजमा गाली गरे। पछि मलाई धेरै फोन आयो र समिति परिवर्तन गर्नु भने। उनीहरुले मलाई यसो पनि भने–कहाँबाट ल्याएको खानेपानी ? कसले दिएको ? तँलाई कसले त्यहाँ अध्यक्ष हुन भन्यो ? तँलाई अब यहाँको खानेपानीबाट वञ्चित गराइन्छ। तँ दलितले छोएको, बनाएको धाराको पानी हामी खाँदैनौं भन्ने तँलाई थाहा छैन ? तेरो त अब विचार हुन्छ यहाँ भनेर मलाई धम्की दिए। मलाई उनीहरुले बोल्ने कुरा पनि बोले। नबोल्ने कुरा पनि बोले। स्थानीय चुनावमा म उठेको थिएँ। चुनाव अवधिमा म चुप लाग्नुपर्ने अवस्था आयो। चुनावपछि कानूनी सहायता केन्द्रमा सम्पर्क राखेर मैले मुद्दा दायर गरेको छु। खानेपानी कार्यालयबाट योजना ल्याएर गाउँलेलाई पानी खुवाउँछु भन्दा मैले निकै सास्ती व्यहोर्नु पर्‍यो। त्यहाँ धेरै घम्साघम्सी भयो। मैले अन्तिममा त्यो खानेपानी योजना निर्माण गर्न सकिनँ।

दलित महिला पानी भर्न तथा प्यास मेट्न आफ्नो घर नजिकैको खेतमा गएको सरकारी कर्मचारीले देखेको र पछि सरकारी कर्मचारीले नै खानेपानी माग गर्न भनेर उनलाई सम्झाएको देखियो । सरस्वती सुनारले खानेपानीको माग गर्न समिति निर्माण गरेर योजना निर्माण गरी ल्याउनू भनेपछि सबै कागजात मिलाएर उनी जिल्ला खानेपानी कार्यालयमा गएकी थिइन् । स्थानीय निर्वाचनमा लड्दै गरेकी सरस्वती सुनारलाई जनताको मत जितेर प्रतिनिधि हुन यस किसिमको घटनाले निरुत्साहित समेत गरेको देखिन्छ । चुनाव जित्नकै लागि गैर दलितको छुवाछुत स्विकार्नु पर्ने नत्र, चुनावमा भोट नपाउने किसिमको नियति भोगेकी, तर अन्धविश्वास र सामाजिक कुरीति बिरुद्ध लडेकी सरस्वती सुनारले अन्तमा चुनावमा पराजय भोग्नु पर्यो । चुनावी नतिजापछि उनले भेदभावको बिरुद्धमा लडिरहने दृढ अठोट गरिन् । अन्तमा उनले खानेपानीको द्वन्द्व र विभेद बिरुद्ध मुद्दा दायर गरिन् । यस अध्ययनको यो चरणसम्म आइपुग्दा मुद्दा बहसमै रहेको थियो । दलित भएकै कारण खानेपानी उपभोक्ता समितिको अध्यक्षमा गैर दलितले उनलाई स्वीकार गर्न नसक्दा दलित, गैर दलितहरू खेतबाट बगिरहेको फोहोर पानी खान बाध्य भइरहेका छन् भने खानेपानीको परियोजना भने तुहिएको छ ।

माथिको घटनालाई विश्लेषण गर्दा पानीका संरचनाहरू जस्तै जिल्ला खानेपानी उपभोक्ता समिति, स्थानीय खानेपानी उपभोक्ता समिति, खानेपानी द्वन्द्व निरुपण समिति लगायत विभिन्न संयन्त्रहरूमा दलितहरूको प्रतिनिधित्व नभएको कारणले उनीहरूले खानेपानी सम्बन्धी निकै विभेद सहनुपरेको छ भने पानीप्रति दलित समुदायको अधिकार नहुनुले भविष्यमा पानी सम्बन्धी यस खालका समस्याले दूरगामी प्रभाव पार्ने देखिन्छ ।

सिमसार नीति, २०६९ मा दलित समुदायको प्रतिनिधित्व सुनिश्चित छ । जिल्लाामा हुने यस समितिमा दलित, जनजाति लगायत सम्पूर्ण सरोकारवालाको प्रतिनिधित्व सुनिश्चित भएको प्रावधान उल्लेख छ । तर यस समितिको हाल खासै उपयोग नभएको र यो समिति निकै समयदेखि निष्क्रिय रहेको सरोकारवालाहरू बताउँछन् ।

जलस्रोत नीति (Hydropwer Policy), २००५ अनुसार स्थानीय स्तरमा हाइड्रोपावरको रोयल्टी सेयरिङ अनुसार प्रभावित जिविसलाई १० प्रतिशत, गाविसलाई १ प्रतिशत, ३० प्रतिशत बिजुली उत्पादन गर्ने सम्बन्धित विकास क्षेत्रलाई यसको मुनाफा वितरण गरिने नीतिमा उल्लेख छ । तर यसबाट समुदायका दलित, गरिबलाई कुन आधारमा वितरण गर्ने भन्ने कुरा स्पष्ट देखिदैन । हाल भएको नयाँ जलस्रोत नीति, २०७६ मा दलित समुदायका लागि उल्लेखनीय बुँदा केही देखिदैन ।

धेरैजसो जिल्लामा खानेपानीको सवाल निकै टड्कारो रहेको देखिन्छ । त्यसमा पनि दलित समुदायको भने पानीमा निकै कम पहुँच भएको देखिन्छ ।

कैलाली जिल्लामा दलित समुदायको छुट्टै खानेपानी कुवा छ भने गैर दलितको छुट्टै कुवा भएको पाइन्छ । त्यसैगरी सप्तरी जिल्लामा दलितहरूले गैर दलितको इनारमा पानी भर्न र छुन नपाउने किसिमको विभेदको चरम अवस्था देखिन्छ । जसको कारण उनीहरू फोहोर पानी पिउन बाध्य छन् ।

## सुझाव

दलित समुदाय वन र पानीमा निर्भर समुदाय हो तर यसमा उनीहरूको पहुँच नभएको माथिको अध्ययनले देखाउँछ । सामुदायिक वनको बारेमा सिधा सम्बन्ध हुने आठ वटा नीति तथा कानूनको समीक्षा तथा अध्ययन गरिएको थियो भने अन्य २० वटा यससँग सम्बन्धित नीति तथा रणनीतिको अध्ययन तथा समीक्षा गरिएको थियो । त्यसैगरी पानीसँग सम्बन्धित प्रत्यक्ष छ वटा नीति तथा कानूनको समीक्षा गरिएको थियो भने १२ वटा यससँग सम्बन्धित नीति तथा कानूनको समीक्षा गरिएको थियो ।

वन र पानीमा आस्रित सबैभन्दा गरिब समुदायको जीविकोपार्जन निकै संवेदनशील भएको देखिन्छ। उनीहरू आफ्नो आवश्यकता परिपूर्ति गर्नका लागि सामुदायिक वनको उपभोक्ता नहुँदा निकै सास्ती व्यहोर्नु परेको छ। उनीहरू वन स्रोत गैर कानूनी ढङ्गले चोर्न, निकाल्न, उपभोग गर्न विवश छन्। यसैगरी सार्वजनिक कुवा, धारामा गैर दलितहरूको पकड देखिन्छ र त्यसमा दलितहरूले छुन पनि पाउँदैनन्। यसकारण सामुदायिक वन पनि दलितहरूको छुट्टै देखिन्छ जुन हैसियत बिग्रेको र वृक्षारोपण गरी उनीहरू हुर्काइरहेका हुन्छन्। हुर्काइसकेपछि सो सामुदायिक वनमा गैर दलितहरूको आँखा लागेको देखिन्छ। त्यसैगरी खानेपानीको कुवा पनि दलितहरूको छुट्टै भएको अवस्था छ। कैलालीमा अध्ययन गर्दा दलितहरूको छुट्टै कुवा थियो जुन फोहोर थियो र उनीहरु फोहोर पानी पिउन बाध्य छन्। त्यसैगरी सप्तरीमा कुलोको फोहोर पानी पिउन उनीहरू बाध्य छन्। यस समस्यालाई समाधान गर्नका लागि निम्नानुसार निष्कर्ष तथा सुझाव प्रस्तुत गरिएका छन्।

## सुझाव

## सामुदायिक वन

यो अध्ययन नेपालका पाँच जिल्ला सुनसरी, सप्तरी, बारा, कैलाली र दैलेख जिल्लामा गरिएको हो। प्रत्येक जिल्लामा जिल्ला परामर्श, ४२ जना मुख्य सूचनादाताहरूसँगको अन्तरवार्ता, लक्षित समूह छलफल गरी यो अध्ययन गरिएको छ। जसमा छ वटा वन र पानीसँग सम्बन्धित निर्णय प्रक्रिया, लाभ बाँडफाँड, वन तथा पानीका विभिन्न संरचनामा दलित समावेशीकरण लगायतका विषयमा सम्बन्धित विभिन्न घटनाहरूको अध्ययन गरिएको थियो। अध्ययनबाट पत्ता लागेका नतिजाहरूलाई अध्ययनको उद्देश्यको आधारमा विश्लेषण गरिएको थियो। अध्ययनले वन र पानीसँग सम्बन्धित मुख्य गरी नीति र यसले पारेको असरसँग सम्बन्धित विषयमा अध्ययन गरिएको हो। वन तथा पानीको विषयमा नीति तथा कानून (Policies and acts) ले बराबर भनेर भनेको छ र यसले कसैलाई पनि जात, वर्ण र लिङ्गको आधारमा भेदभाव गरेको छैन। सामुदायिक वनको निर्माण, समूहको निर्माण गठन, योजना तथा लाभ बाँडफाँडको सन्दर्भमा सामुदायिक वन पूर्ण देखिएका छन्। तर यसको कार्यान्वयन तहमा भने निकै नै चुनौती देखिएको अध्ययनबाट पाइएको छ। यसलाई तल प्रस्तुत गरिएको छ।

- सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ ले सामुदायिक वनको गठन र हस्तान्तरणको प्रक्रिया स्पष्ट उल्लेख गरेको छ। यो मार्गदर्शनले सदियौंदेखि सामुदायिक वनको संरक्षण र उपभोग गर्दै आएको छ भने सो व्यक्ति सामुदायिक वनको उपभोक्ता बन्न पाउने, उपभोक्ता बन्नका लागि उमेर, जात, राजनीतिक सिमानाले फरक नपार्ने र सम्पूर्ण समुदाय उपभोक्ता बन्न सक्छन् भनेर स्पष्ट किटान गरेको छ। तर दलित समुदाय भने अध्ययन गरिएका जिल्लाहरूमा ९० प्रतिशत सामुदायिक वनको उपभोक्ता बन्नबाट वञ्चित भएका छन्। यसरी वञ्चित हुनुको मुख्य कारणमध्ये जातीय भेदभाव, सामुदायिक वनको सदस्यता शुल्क निकै महङ्गो, टाढाका उपभोक्ता (बारा जिल्लाको सन्दर्भमा)लाई समेट्न नसकेको, वन स्रोतको अभाव, लैङ्गिक भेदभाव आदि रहेका छन्। केही सामुदायिक वनहरूमा उपभोक्ता बन्न रू. १० हजारसम्म तोकिनुले सामुदायिक वनको उपभोक्ता बन्नबाट विपन्न दलितहरू वञ्चित भएका छन्। दलितहरू तुलनात्मक रूपमा अरु समुदायभन्दा बढी गरिब हुने गरेको तथ्याङ्क सन् २०११ को युएनडिपीको मानब विकास सूचकले पहाडी क्षेत्रमा ४८ प्रतिशत र तराईमा ४६ प्रतिशत गरिबीको रेखामुनि रहेको देखाउँछ।
- बाँकी १० प्रतिशत दलित समुदाय अध्ययन गरिएका जिल्लामा सामुदायिक वनको उपभोक्ता बन्न सफल भएका छन् तर उनीहरू सामुदायिक वनको मुख्य

पदमा भने नभएको अध्ययनबाट देखिएको छ। अत्यन्तै न्यून तथा ७ प्रतिशत दलित समुदाय मात्र समितिमा भएको पाइयो भने मुख्य पद (अध्यक्ष, सचिव र कोषाध्यक्ष) मा भने शुन्य रहेको पाइयो। यसो हुनुमा गैर दलितहरूले दलित समुदायको क्षमता नभएको आरोप लगाए भने दलितहरूले सो कुराको खण्डन गर्दै समितिमा बस्ने मौका नै नदिएको र मौका पाएमा आफूले पनि सामुदायिक वनको नेतृत्व सम्हाल्न सक्ने बताए। तर आफूहरू दैनिक रोजीरोटीको लागि ज्याला मजदुरी जस्ता काममा नै व्यस्त भएकोले सामुदायिक वनको नेतृत्व गर्ने तहसम्म पुग्न समय नभएको समेत दलितहरूसँगको (FGD) मा उनीहरूले बताए। उनीहरूले भने– यदि दलित समुदायको नेतृत्व सामुदायिक संरचनाहरूमा आएको हेर्ने चाहना छ भने उनीहरूलाई दैनिक गुजार भत्ता उपलब्ध गराउनु पर्ने बताए। यदि यसो भएमा उनीहरूले आफ्नो जीविकोपार्जनको विकल्प भेट्टाउने छन्। अनि उनीहरू सामुदायिक वनको नेतृत्व सम्हाल्न सक्नेछन्। (FGD) मा दलितहरूले बताए।

- अध्ययन गरिएका जिल्लाका सबै सामुदायिक वनहरूमा आरनको पेशा अपनाउँदै आएका दलित समुदायको आरन पेशालाई सङ्कटमा पार्ने गरी गोल पोल्न प्रतिबन्ध गरिएको पाइयो। अध्ययन गरिएका २५ वटा सामुदायिक वनहरूमध्ये ९६ प्रतिशत सामुदायिक वनहरूले गोल पोल्न प्रतिबन्ध गरेको पाइयो। जसका कारण आरनको पेशा गरेर आफ्नो जीविकोपार्जन गर्दै आएका विश्वकर्मा समुदाय र सामुदायिक वनबिच द्वन्द्वको सिर्जना भएको पाइयो। आरन पेशाको लागि चाहिने अत्यावश्यक गोल पोल्न प्रतिबन्ध भएपछि दलित समुदायको पेशा सङ्कटमा परेको समेत अध्ययन गरिएका जिल्लाहरूमा पाइएको छ। सामुदायिक वनको मार्गदर्शन, २०७१ अध्ययन गर्दा दलित समुदायले गोलका लागि प्रति केजी रू. १५ तिरी गोल ल्याउन सक्नेछन् भनिएको छ। तर सामुदायिक वनको विधान र कार्ययोजनाको अध्ययन गर्दा सामुदायिक वनहरूले पूर्ण रूपले गोल निकाल्न प्रतिबन्ध गरेको पाइयो। यदि गोल पोलेको पाइएमा सामुदायिक वनहरूले रू. १५ हजारसम्म जरिवाना गरेको पाइयो। सामुदायिक वनको मार्गदर्शन र विधान तथा कार्ययोजना नै एकआपसमा बाझिएको पाइएको छ।

- सामुदायिक वनको मार्गदर्शन, २०७१ ले सामुदायिक वनको जम्मा आम्दानीको ३५ प्रतिशत रकम गरिब, विपन्न र दलित वर्गका लागि खर्च गर्न सकिने प्रावधान रहेको कुरा उल्लेख गरेको छ तर सामुदायिक वनको विधान तथा कार्ययोजनामा भने गरिब तथा विपन्न समुदाय मात्र भनी लेखिएको पाइएको छ। सामुदायिक वनको मार्गदर्शन हुँदै विधान र कार्ययोजनासम्म आइपुग्दा दलित शब्द छुटेको पाइएको छ। यसबाट दलित समुदायले ३५ प्रतिशत रकम उनीहरूको पनि हो भनेर भन्न नसकेको अवस्था पाइएको छ र सो रकममा स्थानीय टाठाबाठाले कब्जा गरेको र उनीहरूले नै विपन्न तथा गरिबका नाममा लिएको पाइयो।

- दलित समुदाय वनमा दाउरा, काठ, घाँस र गोलको लागि निर्भर हुने गरेको पाइएको छ तर यसको उपलब्धता र व्यवस्थापन पक्ष भने कमजोर देखिएको छ। दलित समुदायलाई माग भए पनि यसको पूर्ति भने निकै सीमित भएको पाइयो ।

- सामुदायिक वन दलित समुदायको घरधुरीबाट निकै नजिक भए पनि दलित तथा गरिब समुदायका आवश्यकता पूर्ति निकै कम मात्रामा भएको, काठ तथा वन पैदावर बिक्री वितरणमा असमानता र भेदभाव रहेको, दलितहरू हैसियत बिग्रेका र साना क्षेत्रफल भएका सामुदायिक वनको उपभोक्ता बन्न बाध्य देखिएका छन्। अत्यावश्यक वन प्रजातिहरूको सङ्कलन तथा दोहनमा प्रतिबन्ध,

सामुदायिक वनमै दलितको वञ्चितीकरण लगायतका मुख्य सूचनाहरू अध्ययनबाट पत्ता लागेका छन् ।

## पानी

नीति तथा कानून र मार्गदर्शनहरू दलित गरिबका सन्दर्भमा बाझिएका छन् । मार्गदर्शनमा गोल पोल्न पाइने उल्लेख भएको तर सामुदायिक वनको विधानमा नपाइने उल्लेख रहेको पाइयो । यसरी नीति एक आपसमा बाझिएको (Contradiction) देखिएकोले एकरूपता कायम गर्नुपर्ने अवस्था देखिन्छ । नीतिमा थप सुधारका लागि बृहत् परामर्शको जरुरी देखिन्छ ।

सामुदायिक वन तथा पानीसँग सम्बन्धित संरचनाहरूमा दलित समुदायको पहुँच कम भएको र दलित समुदायमा यस सामुदायिक वनको विधान, कार्ययोजना तथा अन्य प्राकृतिक स्रोतसँग सम्बन्धित विषयमा चेतना जागरण गर्नुपर्ने आवश्यकता देखिन्छ । साथै दलित समुदायको नेतृत्व गर्ने क्षमता कम भएकोले क्षमता अभिबृद्धि गर्ने किसिमका कार्यक्रमहरू तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्नु जरुरी देखिन्छ ।

प्राकृतिक स्रोतसँग सम्बन्धित संरचना, वन र सामुदायिक वनका समितिहरूमा दलित समुदायको समेत समानुपातिक प्रतिनिधित्वको आवश्यकता देखिन्छ । यसमा कार्यान्वयनको पाटोलाई द्रुत गतिमा अगाडि बढाए वन, पानीमा दलित समुदायको पनि हक हुने यसबाट प्राकृतिक स्रोतसँग सम्बन्धित संरचना र सुशासनमा सुधार हुने आशा गर्न सकिन्छ । साथै वन क्षेत्र र पानी लगायत प्राकृतिक स्रोतको सतत् उपभोग, दिगो व्यवस्थापन तथा संरक्षणमा टेवा पुऱ्याउन सकिन्छ ।

वन र पानीका संरचनाहरूमा दलित समुदायको नेतृत्व तहमा पहुँच पुऱ्याउन उनीहरूलाई गुजारा भत्ता दिएर नेतृत्व तहमा आउनका लागि प्रोत्साहन गरिनुपर्दछ ।

## सुझाव

- प्राकृतिक स्रोतको उपभोग गर्नबाट कुनै पनि जात, धर्म, वर्ग र भूगोलको नाममा विभेद गर्नु हुँदैन । पानीसँग सम्बन्धित समूह र समितिमा प्रतिनिधित्व र सहभागिता जनाउने_सन्दर्भमा दलित समुदायको पहुँच देखिदैन । खानेपानी, नहर, कुलो, इनार आदिको निर्माण गर्दा दलित समुदायको सहभागिता तथा परियोजनाहरूमा दलित समावेशीकरणको आवश्यकता देखिन्छ ।
- सामुदायिक वन तथा पानीमा दलित पहुँचका निम्ति परियोजनाहरू सञ्चालन गरिनुपर्ने ।
- दाउरा, घाँस, गोल, काठमा प्रतिबन्ध, परम्परागत रूपमा बाजाका लागि चाहिने खिर्रो, सिमल लगायत अन्य काठहरू निकाल्न नपाइने नियमहरूको परिमार्जन हुनुपर्छ । दलित समुदायको प्राकृतिक स्रोतसँग जोडिएका पेशाजन्य कामका लागि चाहिने काठ लगायत प्रजातिको संरक्षण र उपभोग गर्न पाउने किसिमको नीति बन्नु आवश्यक छ भने सँगसँगै कार्यान्यवन पक्षमा जोड दिनुपर्छ ।
- दलित समुदाय वनमा आस्रित र वनको छेउमा बस्ने भए पनि सानो र टुक्रे वनमा सीमित गराइदिने अध्ययनले देखाएको र गैर दलित भने दुई तीनवटा सामुदायिक वनको उपभोक्ता भएकोले कोही पनि नछुटून् र कोही पनि नदोहोरिऊन् भनेर नीतिमा परिवर्तन गर्नु आवश्यक छ । सामुदायिक वनको उपभोक्ता बन्नका लाग्ने शुल्क हटाई निःशुल्क बनाइनु पर्दछ ।
- दाउरा, घाँस, गोल लगायतका वन पैदावरमा आधारित माग धेरै तर आपूर्ति कम भएको र वन स्रोत नभएका ठाउँमा दलितहरूको अवस्था दर्दनाक भएकाले यसका लागि वन स्रोत र घाँस नभएको ठाउँमा निर्बाध रूपमा सो पैदावरहरू सुलभ तरिकाले पुऱ्याउनु पर्दछ ।

- दलितहरूका लागि साना वन, राम्रा र चाक्ला वनमा व्यापक वञ्चितीकरण गरिएको अध्ययन गरिएका वनहरूमा देखिन्छन्। गोल पोल्नेहरूको सङ्ख्या घटेको देखिन्छ। यो पेशालाई सामुदायिक वनबाट प्रर्वद्धन गरिनुका सट्टा निरुत्साहित गरिएको छ। गोल पोल्न प्रतिबन्ध लगाइनुका साथै अन्य वन पैदावर महङ्गो शुल्क तिरेर ल्याउनु पर्ने देखिएकाले आरनको पेशा गरेर खाने दलितहरूका निम्ति घरमै गोल पोल्नका लागि व्यवस्था गरिनु पर्दछ।
- पाँच जिल्लाका २५ सा.व.उ. समितिमा दलितहरूको प्रतिनिधित्व सात प्रतिशत मात्र भएको र मुख्य पदमा दलितहरू नभएको पाइएकोले उनीहरू पछाडि पर्नुमा गैर दलितहरूले क्षमता अभावको आरोप लगाएको र यसलाई केही हदसम्म स्वीकार गर्नुपर्ने अवस्था देखिन्छ। यो कुरा सत्य पनि हो कि उनीहरूको क्षमता नभएर वा कम भएर नेतृत्व नपाएको अवस्था छ। यसका लागि दलितहरूको क्षमता अभिबृद्धि र उनीहरूलाई सामाजिक काम गरेबापत केही गुजारा भत्ता उपलब्ध गराउन सके दलितहरूको नेतृत्व क्षमताको विकास हुने थियो र यसले वनको सुशासनमा टेवा पुऱ्याउन सक्ने देखिन्छ।
- उत्तरदाताले दलितहरूका लागि लाभांशको विशेष व्यवस्था नभएको बताए तर सामुदायिक वनको विधानमा भने सामुदायिक वनको ३५ प्रतिशत रकम गरिब तथा विपन्न वर्गका लागि छुट्याउने प्रावधान छ। तर सो कार्यान्वय नभएको, कार्यान्वयन हुँदा दलित समुदाय छुटेकोले यसमा दलित शब्द समावेश गरिनु आवश्यक छ र ३५ प्रतिशत रकममध्ये १० प्रतिशत रकम उनीहरूका लागि छुट्याउनु पर्ने आवश्यकता देखिन्छ।
- सामुदायिक वनको कोषमा दलितहरूको पहुँच अत्यन्त न्यून वा पहुँच बाहिर रहेको भेटियो। यसका लागि दलित समुदायका लागि सामुदायिक वनको नीति, विधान, कार्ययोजना लगायत वन र सामुदायिक वन सम्बन्धी चेतनामूलक कार्यक्रमको आवश्यकता देखिन्छ।

## निष्कर्ष

नेपालमा दलित समुदाय विभिन्न प्राकृतिक स्रोतबाट वञ्चित रहेको अवस्था छ। यसका लागि भएका राम्रा नीतिहरूको कार्यान्वयन स्थानीय तहमा गरिनुपर्छ। यस क्षेत्रमा काम गरिरहेका दलितसँग सम्बन्धित संस्था तथा स्थानीय तहमा क्षमता अभिबृद्धि बढाउनु आवश्यक छ। यसका लागि लगानी गर्ने दातृ निकायहरूले स्थानीय तहमा सुशासनमा लगानी बढाउनका लागि **जसको सवाल उसको नेतृत्वलाई** आत्मसात् गरेर अगाडि बढाउन आवश्यक देखिन्छ।

**धन्यवाद :** सहयोगी संस्था समता फाउन्डेसन

## सन्दर्भ सामग्री

**Agarwal A, Ostrom E**. 2001. Collective Action, Property Rights, and Decentralization in Resources Use in India and Nepal. Politics and Society Vol. 29, No. 4, December 2001, pp. 485-514.

**Banjade MR**. 2003. Local Perception and Use of Information in Community Forest User Groups of Nepal.Unpublished M.Sc. Thesis.Wageningen University and Research Center, The Netherlands.

**Banjade MR, Luintel H, Neupane HR.** 2004. An Action and Learning Process for Social Inclusion in Community Forestry. In Twenty Five Years of Community Forestry: Proceedings of the Fourth National Workshop on Community Forestry, (pp. 42-47).Community Forestry Division, Department of Forest, Kathmandu.

**Byron, N.** 2006. Challenges in defining, implementing and renewing forest policies. Unasylva 223(57): 10-15.

**Chhetri RB, SigdelH, Malla YB.** 2001. Country profits for the forum on "The role of forestry in Poverty Alleviation" facilitated by the forestry department, FAO, September 2001.

Dalit Exclusion in Community Forest- An Assement of Dalit incusion in community based forest management(CBFM) of CHAL and TAL/danarnepal.org.np

**DOF.** 2012. Community Forest User Group Database. Department of Forest, Kathmandu, Nepal.

**FAO.** 2009. Food and agriculture organization of the United Nations regional office for Asia and the Pacific, Bangkok.

**Gentle P, Acharya KP, Dahal GR.** 2007.Advocacy campaign to improve governance in community forestry: a case from Western Nepal. J. Forest Livelihood, 6, 59-69.

Hairyo Ban Bhitra Dalitko Sangharsa - Sunil Kumar Pariyar

**International Labour Organization.** 2005.Dalitsand LabourinNepal: Discrimination and Forced Labour, Kathmandu: International Labour Office.

**Jagaran Media Centre.** 2012. Who are Dalits? (online: http:// www.jagaranmedia.org.np /index.php?

**NTFP Policy**: 2071

**Pokharel BK, Nurse M.** 2004. Forests and people's livelihood: benefiting the poor from community forestry. J. Forest Livelihood, 4, 19-29.

**Population Census,** 2011. National Population and Housing Census Volume 1, NPHC 2011

**Sapkota IP, Oden PC.** 2008. Household characteristics and depedency on community forests in Terai of Nepal. Int. J. Soc. Forestry, 1, 123-144.

**Timisina N.** 2002. Empowerment or Marginalization: A Debate in Community Forestry in Nepal. A Paper Published in Journal of Forest and Livelihood, 2(1), 27-33.

**Timsina NP, Luintel H, Bhandari K, Thapalia A.** 2004. Action and Learning: An Approach Facilitating Change in Knowledge and Power Relationship in Community Forestry. Forest and Livelihoods 4 (1).

**Van der Zouwen, M.** 2006. Nature policy between trends and traditions: dynamics in nature policy arrangements in the Yorkshire Dales, Doñana and the Veluwe. Eburon, Delft, The Netherlands.

**World Wildlife Federation.** 2012. Harioy Ban Project.TheChitwan-Annapurna Landscape (CHAL). (online: http://wwfnepal.org//hariyobanprogram/where_we_work/?desktop=1)